# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ९ | संख्याः३ | श्रावण महिना १ गते, २०८२ |

सरावल गाउँपालिका

## भाग १

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**ऐनको नामः सरावल गाउँपालिका खानेपानी तथा सरसफाइका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२**

# सरावल गाउँपालिका खानेपानी तथा सरसफाइका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

गाउँसभाबाट स्वीकृत मितिः२०८२/०३/१२

प्रमाणिकरण मितिः२०८२/०३/१३

प्रकाशित मितिः२०८२/०४/०१

**प्रस्तावनाः** सरावल गाउँपालिका क्षेत्रमा रहेका खानेपानी स्रोतलाई उचित संरक्षण र सम्बर्धन गर्न, खानेपानी तथा सरसफाइका क्षेत्रमा गाउँपालिका भित्रका सेवा प्रदायक, उपभोक्ता समिति तथा संस्थाहरुको अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण, नियमन एवं समन्वय गर्दै सेवा संचालनलाई चुस्त दुरुस्त बनाई गुणस्तरीयता, नियमितता, एकरुपता, पारदर्शिता एवं जवाफदेहिता सहितको सर्वसुलभ एकीकृत खानेपानी तथा सरसफाइ सेवा प्रदानका सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सरावल गाउँपालिकाको सोह्रौ गाउँसभाबाट यो ऐन बनाई जारी गरिएको छ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "खानेपानी तथा सरसफाइ ऐन, २०८२ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

**क) "उपभोक्ता"** भन्नाले यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्ने व्यक्ति, परिवार, संस्था वा निकाय सम्झनु पर्छ।

**ख) "उपभोक्ता समिति"** वा संस्था भन्नाले स्थानीय स्तरमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न बोर्डबाट नियन्वित र व्यवस्थितउपभोक्ता समिति वा संस्था वा परियोजना वा यस्तै प्रकृतिका संगठित संस्थालाई सम्झनुपर्छ।

ग) **"ऐन"** भन्नाले सरावल गाउँपालिका खानेपानी तथा सरसफाइ ऐन, २०८२ सम्झनु पर्छ।

घ) **"खानेपानी"** भन्नाले घरेलु, सार्वजनिक र संस्थागत उपयोगका लागि मानव तथा पशु स्वास्थ्यको लागि हानिकारक तत्व नभएको राष्ट्रियस्तरबाट तोकिए बमोजिमको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्छ।

ङ) **"खानेपानी प्रणाली"** भन्नाले खानेपानीको उपलब्ध स्रोतलाई सेवा क्षेत्रभित्र खानेपानीको समग्र व्यवस्थापन गर्ने प्रणालीलाई सम्झनु पर्छ।

च) **"खानेपानी तथा सरसफाइ सेवा"** भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपभोक्तालाई उपलब्ध गराएको खानेपानी तथा सरसफाइ सेवालाई सम्झनुपर्छ।

छ) **खानेपानी तथा सरसफाइ सेवामा उपभोक्ताको अधिकार"** भन्नाले नियमित रुपमा पर्याप्त, स्वच्छ, र गुणस्तरीय खानेपानी प्राप्त गर्ने, गुणस्तरीय सरसफाइ सेवामा नागरिकको सहज र सुलभ पहुँचको अधिकार सम्झनु पर्छ।

ज) **"गाउँपालिका "** भन्नाले सरावल गाउँपालिका लाई सम्झनुपर्छ।

झ) **"परियोजना"** भन्नाले गाउँपालिकाबाट अनुमति प्राप्त व्यक्ति वा संघ संस्थाले संचालन गर्ने खानेपानी तथा सरसफाइ परियोजना सम्झनुपर्दछ र सो शब्दले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका ले उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजना वा गाउँपालिका वा अनुमति प्राप्त उपभोक्ता संस्था आफैले विकास गरी संचालन गरेको परियोजना समेतलाई सम्झनुपर्छ।

ञ) **"पानीको स्रोत"** भन्नाले प्राकृतिक, भू-सतह, लिफ्टिङ्ग, वायुमण्डल वा भूमिगत रहेका खानेपानीका श्रोत सम्झनुपर्छ।

ट) **"पुनरभरण"** भन्नाले जमीन भित्र पानी संचित गर्ने प्रविधिलाई सम्झनुपर्छ ।

ठ) **"प्रचलित कानून"** भन्नाले संघीय खानेपानी तथा सरसफाइ ऐन, २०७९ र खानेपानी तथा सरसफाइ सम्बन्धी प्रदेश कानूनलगायत सेवा वा विषयसंग सम्बन्धित कानून सम्झनु पर्छ।

सरावल गाउँपालिका

ड) **"बोर्ड"** भन्नाले ऐनको दफा ८ बमोजिम गठन भएको खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्ड सम्झनुपर्छ ।

ढ) **"महशुल तथा सेवा शुल्क"** भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गरे बापत उपभोक्ताले बोर्ड वा बोर्डले तोकेको स्थानमा बुझाउनु पर्ने शुल्क सम्झनुपर्छ र सो शब्दले बिलम्ब शुल्क, जरिवाना वा जडान शुल्क समेतलाई जनाउँदछ ।

ण) सदस्य भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाका पदाधिकारीलाई सम्झनुपर्छ।

त) सेवा प्रदायक संस्था भन्नाले खानेपानी प्रणालीवाट गुणस्तरिय सेवा उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको व्यवस्थापन गर्ने अनुमति प्राप्त उपभोक्ता समिति वा संस्था वा त्यस्तै कार्य गर्ने अन्य संघ, संस्था, निजी क्षेत्र वा निकायलाई सम्झनुपर्छ ।

घ) **"संरचना"** भन्नाले खानेपानीको श्रोतबाट पानी जम्मा गर्न, निकाल्न, प्रशारण गर्न, नियन्त्रण गर्न, शुद्धिकरण गर्न तथा वितरण गर्न बनाईएको बोरिङ्ग, लिफ्टिङ्ग, पानी ट्याङ्की, पाईप लाईन, निकाश धारा, पम्प, घर, पर्खाल ढल निकास तथा फोहोर मैला व्यवस्थापनका लागि बनाईएको अन्य संरचना एवं प्रशोधन केन्द्र वा त्यस्तै प्रकारको संरचना समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद -२
## खानेपानी तथा सरसफाइको अधिकार, कर्तव्य जिम्मेवारी र दायित्व

**३. खानेपानी तथा सरसफाइको अधिकार र कर्तव्यः** (१) गाउँपालिका का प्रत्येक उपभोक्तालाई प्राप्त खानेपानी तथा सरसफाइको अधिकारको सम्मान, संरक्षण, सम्वर्धन र प्रवर्द्धन गाउँपालिकाले गर्नेछ।

(२) कसैलाई पनि कुनैपनि कारणले आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बञ्चित र भेदभाव गरिने छैन।

(३) पानीको मूल वा मुहान सफा राख्नु, संरक्षण र सम्बर्धन गर्नु, दिगोरुपले उपयोग गर्नु र खानेपानी तथा सरसफाइका कृयाकलापमा सहयोग गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ।

**४. खानेपानी तथा सरसफाइको जिम्मेवारी तथा दायित्वः** (१) दफा ३ मा उल्लेखित उपभोक्ताको अधिकारको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गर्न गाउँपालिका ले देहायका विषय कार्यान्वयन गरी जिम्मेवारी र दायित्व निर्वाह गर्नेछः

(क) खानेपानीका श्रोतको संरक्षण र उपयोग गर्ने,

(ख) गाउँपालिका स्तरमा आधारभूत खानेपानी तथा सरसफाइ सेवाको व्यवस्थापन,

(ग) सरसफाइ सम्बन्धी जनचेतना अभिवृद्धि,

(घ) फोहरपानी तथा फोहरमैला व्यवस्थापन प्रणालीको सञ्चालन,

(ङ) गाउँपालिकाले तोकेको क्षेत्रमा लक्षित जनसंख्यालाई खानेपानी र सरसफाइ सेवा पुर्याउने आयोजना सञ्चालन र व्यवस्थापन,

(च) गाउँपालिका बाट सञ्चालित र व्यवस्थित खानेपानी तथा सरसफाइ आयोजना निर्माण तथा व्यवस्थापन तथा गाउँपालिका लाई हस्तान्तरण भएका खानेपानी तथा सरसफाइ आयोजनाको मर्मत सम्भार र पुनः स्थापनाका कार्य।

(२) उपदफा (१) बमोजिमका विषयमा खानेपानी सेवा, सरसफाइ सेवा तथा त्यस्ता विषयको आयोजनाको अनुमतिपत्र प्रदान गर्ने, सञ्चालन गर्ने तथा व्यवस्थापन गर्ने र नियमन गर्ने जिम्मेवारी तथा दायित्व गाउँपालिका को हुनेछ।

## परिच्छेय - ३

## खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन

**५. खानेपानी तथा सरसफाइ सेवाको सञ्चालनः** (१) गाउँपालिका भित्र उपभोक्ताका आधारभूत खानेपानी तथा सरसफाइ सेवाको समग्र व्यवस्थापन तथा सञ्चालन गाउँपालिका आफैले वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेको संस्था मार्फत गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्य सञ्चालन गर्दा गाउँपालिका ले नेपाल सरकार र प्रदेश सरकारका सरोकारवाला निकायसँग पारिस्परिक समन्वय गर्नेछ ।

सरावल गाउँपालिका

(३) उपदफा (१) बमोजिमका सेवा सञ्चालन गर्दा प्रचलित कानून बमोजिम अनुमति नलिइ कसैले पनि सेवा सञ्चालन गर्न पाइनेछैन।

(४) खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्न चाहने संस्थाले प्रचलित कानून बमोजिम गाउँपालिकाबाट अनुमति लिएर अनुमतिमा तोकिएको सीमा र क्षेत्रभित्र रहेर मात्र सेवा सञ्चालन गर्न सक्नेछन।

**६. संगठित संस्था बोर्ड मातहत रहने:** (१) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम दर्ता भई खानेपानीको संरक्षण, संवर्द्धन र खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गरिरहेका सामुदायिक संस्था वा उपभोक्ता समूह यो ऐन प्रारम्भ भएको मिति देखि गाउँपालिकाको मातहत रहनेछन।

(२) उपदफा (१) बमोजिमका उपभोक्ता समिति वा संस्थाले सम्बत् २०८२ भदौ २० गते भित्र त्यस्ता संस्थाले गाउँपालिका मा सूचिकृत भईसक्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचिकृत हुने संस्थाले हालसम्मको भौतिक प्रगति तथा आर्थिक प्रतिवेदन, सम्पतिको अवस्था र आगामि योजना सहितका कागजात गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(४) गाउँपालिका भित्र अनुमति प्राप्त संस्था वा सूचिकृत संस्थाले यो ऐनको परिधिभित्र रहि सेवा प्रवाह, सञ्चालन र व्यवस्थापन गर्ने तथा व्यवस्थापनमा सहयोग र सहजीकरण गर्नेछन।

**७. अनुमती लिनु पर्ने:** (१) गाउँपालिका भित्र आधारभूत खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्न, आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी श्रोतको सार्वजनिक, संस्थागत तथा व्यवसायिक उपयोग गर्न वा गराउन चाहने व्यक्ति वा संस्थाले प्रचलित कानून वा यस ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ। (२) उपदफा (१) बमोजिम कार्यसञ्चालन गर्दा गाउँपालिकाले नेपाल सरकार र प्रदेश सरकारसंग पारिस्परिक समन्वय गर्नेछ।

## परिच्छेद - ४
## खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्ड

**८. बोर्डको गठन:** (१) गाउँपालिका क्षेत्रभित्र सेवा सञ्चालन तथा व्यवस्थापन गर्न वा गाउँपालिका क्षेत्रभित्र संचालित खानेपानी आयोजना, उपभोक्ता समिति एवं संस्थालाई नियमन तथा व्यवस्थापन गर्न

सरावल गाउँपालिका

र यस ऐनले तोकेका कार्यसम्पादन गर्नका लागि गाउँपालिका अन्तर्गत देहायको खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्ड गठन गरिनेछ।

क) गाउँपालिका प्रमुख -अध्यक्ष

ख) गाउँपालिका उपप्रमुख -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) वडाअध्यक्ष मध्येबाट गाउँकार्यपालिकाले तोकेका ३ जना - सदस्य

ङ) खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्य गरेको व्यक्ति, जग्गा दाता, उपभोक्ताहरु मध्येबाट गाउँ प्रमुखले मनोनित गरेको एकजना महिला सहित २ जना -सदस्य

च) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति तथा संस्थाका पदाधिकारी मध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको २ जना - सदस्य

छ) बोर्डबाट नियुक्त कार्यकारी अधिकृत (कार्यकारी अधिकृत नियुक्त नभएसम्म वा रिक्त भएमा चोर्डले तोकेको कर्मचारी) - सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (छ) मा तोकिएको कार्यकारी अधिकृत बोर्डबाट नियुक्त नभएसम्म वा त्यस्तो कार्यकारी अधिकृतको पद कुनै कारणले रिक्त भएमा सो पद पदपूर्ति नभएसम्म बोर्डले तोकेको कर्मचारीले सदस्य सचिवको कार्यसम्पादन गर्नेछ।

(३) बोर्डको बैठक कम्तिमा दुई महिनामा एकपटक बस्नेछ। आवश्यक परेमा जुनसुकै समयमा समेत बैठक बस्न सक्नेछ। अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोर्डको बैठक बोलाउनु पर्नेछ।

(४) उपदफा (१) को खण्ड (ङ) र (च) बमोजिम मनोनित पदाधिकारीको अवधि चार वर्षको हुनेछ र निजहरुको अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछन।

(५) उपदफा (४) को अवधि तोकिएको भएतापनि निजबाट सन्तोषजनक कार्यसम्पादन हुन नसकेमा कारण सहित गाउँ कार्यपालिकाले बहुमतबाट जुनसुकै बखत हटाउन सकिनेछ। कार्यक्षमताको अभाव भएको प्रमाणित भएको व्यक्ति त्यस्तो पदमा पुनः नियुक्ति हुन सक्ने छैन।

सरावल गाउँपालिका

तर सदस्यबाट हटाउनु अघि सफाइको मनासिव मौका दिनुपर्नेछ ।

(६) बोर्डको सचिवालय गाउँपालिका मा रहनेछ।

(७) सचिवालयको कार्यकारी प्रमुखका रुपमा कार्यकारी अधिकृतले कार्यसम्पादन गर्नेछ। सचिवालयलाई आवश्यक पर्ने कर्मचारी गाउँपालिका ले उपलब्ध गराउनेछ।

(८) बोर्ड सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**९ .बोर्डको काम, कर्तव्य र अधिकारः** (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त खानेपानी व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् ।

क) खानेपानी तथा सरसफाइ व्यवस्थापन सम्बन्धी आवश्यक नीति बनाई स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने र सो नीतिको कार्यान्वयन गर्ने गराउने,

ख। खानेपानी सेवा प्रणालीलाई स्थानीय स्तरमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था र आयोजना सुधार गर्ने गराउने,

ग) स्थानीय स्तरमा खानेपानी तथा सरसफाइका सम्बन्धमा सेवा विस्तार तथा आवश्यक सुधार कायक्रमकोलागि अध्ययन गरी नेपाल सरकारको स्वीकृति लिइ विभिन्न दातृ निकायहरुमा योजना बनाई प्रस्ताव पेश गर्ने,

घ) नेपाल सरकार, गैरसरकारी, स्वदेशी तथा विदेशी संघ, संस्था एवं दातृ निकायहरुको ऋण, सहुलियत वा अनुदानबाट संचालन हुने आयोजनाहरुको निर्माण एवं नियमन गर्ने,

तर यस्ता आयोजनाहरु सम्पन्न भई सेवा प्रदान गर्ने अवस्थामा सोको सञ्चालन तथा जिम्मेवारी यो कानूनको अधिनमा रही बोर्ड मार्फत व्यवस्थापन गर्ने,

ङ) बोर्डको वार्षिक कायक्रम तथा बजेट गाउँपालिका पेश गर्ने र स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

च) बोर्डको वार्षिक प्रतिवेदन तयार गरी गाउँपालिका मा पेश गर्ने,

सरावल गाउँपालिका

छ) बोर्डले उपभोक्ता समिति, संस्था तथा आयोजनाहरुको अनुगमन निरीक्षण तथा सपुरिवेक्षण गर्ने गराउने, प्राप्त पृष्ठपोषणका आधारमा सुधारका आवश्यक कदम चाल्ने,

ज) खानेपानी तथा सरसफाइ सेवा सञ्चालनका लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने,

झ) व्यक्ति विशेषको निजी जग्गामा पानीको कुनै प्राकृतिक श्रोत वा मूल पहिचान भएमा उक्त पानीको प्राकृतिक श्रोत वा मूललाई संरक्षण गर्नका लागि सम्बन्धित जग्गा धनीवाट दानमा लिइ वा प्रचलित कानून बमोजिम क्षतिपूर्ति दिइ अधिग्रहण गर्ने र प्रयोग गर्ने,

ञ) खानेपानीको महसुल निर्धारणको विस्तृत खाका तयार गरी गाउँपालिका मा स्वीकृतिका पेश गर्ने,

त) उपभोक्तालाई प्रदान गर्ने सेवा वापत निर्धारित सेवा शुल्क तथा महसुल उठाउने व्यवस्था गर्ने गराउने,

थ) उपभोक्ताको उजुरी वा गुनासो व्यवस्थापन गर्ने,

द) उपभोक्तालाई खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने प्रयोजनका लागि निजी वा सार्वजनिक घर जग्गामा खानेपानीको पाईप लाईन विच्छाउन वा संरचना बनाउन सक्नेछ,

तर पाईप लाईन बिच्छाउदा वा संरचना बनाउदा कुनै व्यक्तिको निजी घर/जग्गामा कुनै किसिमको हानीनोक्सानी पर्न गएमा सो वापत सम्बन्धित घर जग्गा धनिलाई बोर्डले मनासिव क्षतिपूर्ति उपलब्ध गराउन सक्नेछ,

ध) भूमिगत जलस्रोतलाई दिगो रुपमा संचालन गर्नका लागि स्वीकृत नीति बमोजिम पुर्नभरण प्रविधि अपनाउने,

न) गाउँपालिका  क्षेत्रभित्र रहेका भू-सतहको तथा भूमिगत जलस्रोतको विषयमा स्थानीय स्तरमा रहेका संस्था एवं उपभोक्ता समिति तथासिमानामा रहेका अन्य गाउँपालिका  एवं अन्य जिल्लामा कुनै विवाद आएमा बोर्डले सहजीकरण गरी विवादको समाधान गर्ने,

सरावल गाँउपालिका

प) यो ऐन वा ऐन अन्तर्गत बनेको नियमावली लागू गर्न आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्ने,

फ) गाउँसभा वा गाउँपालिका बाट सेवा सञ्चालन वा व्यवस्थापनका लागि भएका निर्णय कार्यान्वयन गर्ने,

(ब) अनुमति प्राप्त संस्था वा सूचीकृत संस्थाले त्यस्तो संस्था निर्माणका लागि सरकारी क्षेत्रबाट भएको खर्च वा लिएको ऋण तिर्न वा गम्भीर प्रकृतिको विपद्का समयमा त्यस्तो संस्थालाई गर्नुपर्ने सहयोग समेतका आधारमा बोर्ड अन्तरगतको कोषमा जम्मा गर्न लगाउने रकमको यकिन गर्ने र कार्यान्वयन गर्ने,

(भ) सरकारी खर्चवा ऋणमा निर्माण वा सञ्चालनमा रहेका संस्थाको खर्च प्रचलित कानूनको अधिनमा रहि भए नभएको यकिन गर्ने, खर्च र खरिद प्रकृया प्रचलित कानून बमोजिम गर्न मार्ग दर्शन गर्ने,

(म) यस ऐन बमोजिम कार्यसम्पादन गर्ने दर्ता गर्ने अधिकारी तोक्ने,

य) तोकिएका अन्य कार्य गर्ने।

(२) उपदफा (१) बमोजिमको काम कर्तव्य र जिम्मेवारी सम्पादन गर्दा बोर्डले सरोकारवाला निकाय वा संस्थासंग आवश्यक समन्वय गर्न सक्नेछ ।

**१०. बोर्डको सदस्यको पद रिक्त हुने अवस्था र रिक्त पदमा पदपूर्तिः-** (१)

देहायको अवस्थामा बोर्डका सदस्यको पदावधि समाप्त हुनेछ।

क) निजले राजीनामा दिएमा वा

ख) निजको पदावधी समाप्त भएमा वा

ग) निज साहुको दामासाहीमा परेमा वा

घ) दफा ८ को खण्ड (ङ), (च) र (छ) को पदमा रहेको वा रहने व्यक्ति कुनै राजनैतिक दलको कार्यकारी समितिमा रहेमा वा रहेको प्रमाणित भएमा वा

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा वा

ङ) बिना सूचना लगातार ३ पटकसम्म बोर्डको बैठकमा अनपुस्थित भएमा, वा

तर पदेन सदस्यको हकमा यो उपदफा लागू हुने छैन ।

च) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा गाउँ प्रमुखको काम गर्न तोकिएको व्यक्तिले अध्यक्षको भूमिका निर्वाह गर्नेछन। पदेन सदस्यको पद रिक्त भएमा सोही खण्डमा तोकिएको पदाधिकारीलाई चोर्डले बाँकी अवधिका लागि पदपूर्ति गर्नेछ।

(३) खानेपानी तथा सरसफाइ बोर्डको पदेन बाहेकका मनोनित पदाधिकारीको पद कुनै कारण रिक्त हुन आएमा रिक्त पदको बाँकी अवधिका लागि सोहि खण्डमा व्यवस्था भए बमोजिम पदपूर्ति गरिनेछ ।

(४) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

**११. कार्यकारी अधिकृतले सम्पादन गर्ने कार्य र निजको योग्यताः** (१) बोर्डले आफूले गरेका निर्णय कार्यान्वयन गर्न आफुले नियुक्त गरेको एकजना कार्यकारी अधिकृत रहनेछ ।

(२) उपदफा (१) का लागि नियुक्त कार्यकारी अधिकृतले यस ऐन बमोजिम सम्पादन गर्ने सम्पूर्ण कार्य बोर्डले गरेको निर्णय वा बोर्डबाट प्रत्यायोजित अधिकार अनुसार मात्र सम्पादन गर्नेछ।

(३) नेपाल सरकारको कम्तिमा शाखा अधिकृत सरहको पदमा नियुक्त हुन योग्यता पुगेको देहायको नेपाली नागरिक बोर्डको कार्यकारी अधिकृतमा नियुक्त हुन सक्नेछ,

(क) असल आचरण भएको,

(ख) खानेपानी तथा सरसफाइको विषयमा कम्तिमा स्नातक गरेको वा विषयसंग सम्बन्धित विषयमा इन्जिनियरिङ्ग गरी नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्ता भएको,

(ग) खानेपानी तथा सरसफाइको क्षेत्रमा कम्तिमा दुई वर्षको अनुभव भएको,

(घ) नियुक्ति हुदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको

(४) उपदफा (३) वमोजिमको योग्यता पुगेको व्यक्ति मध्येबाट सम्बन्धित क्षेत्रमा निजको अनुभव, शैक्षिक योग्यताको आधारमा बोर्डले छनौटको वस्तुगत आधार तयार गरी लागू गर्नुपर्नेछ।

सरावल गाउँपालिका

(५) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१२. कार्यकारी अधिकृतको नियुक्तिः** (१) खानेपानी सेवालाई चुस्त दुरुस्त बनाई नियमन गर्न एवं गणुस्तरीय सेवा प्रदान गर्नको लागि बोर्डले कार्यकारी अधिकृत नियुक्ति गर्न सक्नेछ। निजको सेवा, शर्त तथा सुविधा प्रचलित कानूनको परिधि भित्र रहि बोर्डले तोकेबमोजिम हुनेछ ।

(२) कार्यकारी अधिकृतको नियुक्ति नभएसम्म वा कुनै कारणले रिक्त भएमा नियुक्त नभएसम्मका लागि गाउँपालिकाले आफ्ना कर्मचारीमध्येबाट अधिकृतस्तरको कुनै कर्मचारीलाई सो काममा लगाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्ति कार्यकारी अधिकृतको पदावधी पाँच वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(४) उपदफा (१) बमोजिम उपदफा (३) को अवधि तोकिएको भएतापनि निजबाट सन्तोषजनक कार्यसम्पादन हुन नसकेमा कारण सहित बोर्डको दुईतिहाइ बहुमतबाट जुनसुकै बखत हटाउन सकिनेछ ।

तर सेवाबाट हटाउनु अघि सफाइको मनासिव मौका दिनुपर्नेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएतापनि गाउँपालिका को नयाँ निर्वाचन पश्चात गठित गाउँपालिका ले गठन गरेको बोर्डको पहिलो बैठकले दफा(१) बमोजिम नियुक्त कार्यकारीलाई पुन नियुक्ति नगरेमा निजको पदावधि स्वतः समाप्त भएको मानिनेछ।

**१३. बोर्डले बार्षिक प्रतिवदेन सार्वजनिक गर्नुपर्नेः** (१) बोर्डले सूचनाको हक सम्बन्धी कानूनले तोकेको समयमा स्वतः प्रकाशनको विषयका अतिरिक्त प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र देहायका कुरा समेत समावेश गरी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ।

क) बोर्डको आम्दानी र खर्चको विवरण,

ख) बोर्डले वर्षभरि संचालन गरेको कामको प्रगति विवरण, वर्षभरी प्राप्त राजश्वको विवरण र सोको लागि लागेको प्रशासनिक खर्च,

सरावल गाउँपालिका

ग) आगामी वर्षको कार्य योजना र त्यसको लागि आवश्यक पर्ने अनुमानित बजेट तथा सोको श्रोत,

घ) बोर्ड अन्तर्गतका अनुमतिपत्र प्राप्त संस्थाका वार्षिक प्रगति र गतिविधि,

ङ) आवश्यक अन्य विवरणहरु ।

(२) उपदफा (१) मा उल्लेख गरिएको विवरण सहितको प्रतिवेदन गाउँसभा समक्ष पेश गरिनेछ ।

**१४. विशेषज्ञ बटाउने वा समिति गठन गर्न सक्नेः** (१) बोर्डले आफूले गर्नु पर्ने काम कारवाही सुचारु रुपले संचालन गर्नका लागि बाहेक सेवा व्यवस्थापनमा कुनै गम्भिर विषय विशेषज्ञ वा विज्ञ सम्मिलित समितिको रायवाट समाधान गर्नुपर्ने भएमा खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित विषयगत सेवा प्रदायक तथा उपभोक्ता समेत संलग्न रहनेगरी आवश्यता अनुसार समिति वा उपसमिति गठन गरी वा कुनै विशेषज्ञ खटाइ समस्याको समाधान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम कर्तव्य र अधिकार तथा उपसमितिका सदस्यहरुले पाउने भत्ता वा यातायात खर्च बोर्डले तोके बमोजिम हुनेछ ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१५. बोर्डको कोषः**

(१) बोर्डको आफ्नो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन

क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

ख) नेपाल सरकार तथा प्रचलित कानून बमोजिम स्वीकृत लिनु पर्ने भए लिइ गैर सरकारी एवं राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाबाट ऋण, अनुदान वा सहयोग बापत प्राप्त रकम,

ग) सेवा प्रदायकबाट अनमुतीपत्र दस्तुर तथा अन्य सेवा शुल्क एवं अनुदानवाट प्राप्त रकम,

घ) खानेपानी तथा सरसफाइ सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका आयोजनाहरु मार्फत ऋण, अनुदान तथा लगानीबाट प्राप्त रकम,

ङ) गाउँपालिका ले खानेपानी तथा सरसफाइ सेवाका लागि विनियोजन गरेको रकम,

च) अनुमति प्राप्त वा सूचीकृत सेवा प्रदायक संस्थाले बोर्डलाई बुझाउनु पर्ने रकम,

सरावल गाउँपालिका

छ) अन्य कानूनी श्रोतबाट प्राप्त रकम,

(ज) तोकिएका अन्य रकम।

(३) बोर्डको कोषमा रहने रकम बैंक वा वित्तिय संस्थामा जम्मा गरिनेछ र त्यस्तो खाताको संचालन बोर्डले गरेको निर्णय बमोजिम हुनेछ ।

(४) बोर्डको सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ

**१६. लेखा तथा लेखापरीक्षणः** (१) बोर्डको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) कोषको प्रचलित कानून बमोजिम आन्तरिक र अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ ।

**परिच्छेद-५**

**उपभोक्ता समिति वा संस्थाको गठन तथा दर्ता**

**१७. उपभोक्ता समिति वा संस्थाको गठनः** (१) स्थानीय स्तरमा रहेका खानेपानीका श्रोत उपयोग गरी उपभोक्तालाई खानेपानी सेवा वितरणमा सहजीकरण गर्नका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता समिति बा संस्था गठन गर्न सकिनेछ ।

२) उपदफा (१) बमोजिमका समिति वा संस्था गठन गर्न आवश्यक भएमा बोर्डको निर्णयले स्थानीय जलश्रोत समेतलाई परिचालन गर्नेगरी कम्तिमा पच्चीस घरधरीलाई खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने उद्देश्यले स्थानीय उपभोक्ताहरु मिली बोर्डले उपलब्ध गराएको श्रोत परिचालन गरी कार्यान्वयन गर्न खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्था गठन गर्न सक्नेछन् ।

**१८. दर्ता नगरी संस्था सञ्चालन गर्न नहुनेः** यस ऐन तथा यस ऐन अन्तर्गतको नियम बमोजिम खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्था दर्ता नगरी वा सूचिकृत नभइ सञ्चालन गर्न हुदैन।

**१९ . संस्था दर्ता वा सुचिकृतको लागि दरखास्तः** (१) यस ऐन वमोजिम दर्ता हुने खानेपानी तथा सरसफाइ संस्थाले दर्ता वा सूचिकृत हुनका लागि अनुसूची-१ बमोजिमको ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ ।

सरावल गाउँपालिका

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ।

क) खानेपानी तथा सरसफाइ संस्थाको विनियम,

ख) खानेपानीको प्राकृतिक श्रोत तथा संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

ग) संस्थाले लक्षित वर्गसम्म दीर्घकालिन रुपमा सेवा दिन सक्ने भावी कार्ययोजना सहितको प्रतिवेदन,

घ) बोर्डले तोके बमोजिमका अन्य विवरण तथा कागजात

ङ) खानेपानीको श्रोत वा मुल दर्ताको प्रमाण-पत्र (सरसफाइ सेवा मात्र सञ्चालन गर्ने संस्थाको हकमा फोहरमैला विसर्जनको क्षेत्रको स्वीकृत पत्र)

(३) संघीय खानेपानी तथा सरसफाइ ऐन, २०७९ लागू हुन भन्दा अघिदेखि सञ्चालनमा आएका खानेपानी तथा सरसफाइ संस्थाले सूचिकृत हुनका लागि अनुसूची १ को ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनुपर्नेछ।

**२०. दर्ता गर्नु पर्नेः** (१) दफा १९ बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिमको पाइएमा दर्ता गर्ने अधिकारीले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्था दर्ता वा सूचिकृत गरी अनुसूची २ को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाको विनियमको कुनैकुरा संशोधन गर्नुपर्ने देखिएमा दर्तागर्ने अधिकारी वा निकायले त्यस्तो संशोधन गर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले तीस दिन भित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२१. दर्ता गर्न अस्वीकार गर्न सक्नेः** (१) दफा १९ को उपदफा (२) मा उल्लेखित अवस्था नभएमा वा दफा २० को उपदफा (२) बमोजिम विनियम संशोधनका लागि सूचना दिएको अवधि भित्र निवेदकले संसोधन गर्न अस्वीकार गरेमा वा सूचना पाएको मितिले तीस दिन भित्र विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारी वा निकायले संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

सरावल गाउँपालिका

(२) उपदफा (१) बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेमा दर्ता गर्ने अधिकारी वा निकायले कारण खुलाई तीस दिन समाप्त भएको अवधि पश्चातको ७ दिन भित्र सोको जानकारी निवेदकहरुलाई दिनु पर्नेछ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२२. संस्थाको कार्यक्षेत्रः** खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाको कार्य क्षेत्र बोर्डले तोके बमोजिम वा बोर्डले स्वीकृत गरेको संस्थाको विनियम वा अनुमतिपत्रमा उल्लेख भएअनुसार हुनेछ।

## परिच्छेद - ६

## उपभोक्ता समिति वा संस्था सम्बन्धी व्यवस्था

**२३. उपभोक्ता समिति वा संस्थाको उद्देश्यः** बोर्डले स्वीकृत गरेको कार्य क्षेत्रभित्र रहेका विभिन्न किसिमका खानेपानीका श्रोतहरु पहिचान गरी ती श्रोतहरुलाई उचित संरक्षण र सम्बर्धन गर्न तथा त्यहाँ रहेको पानीलाई आफ्नो कार्य क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन बोर्डले अनुमति दिए बमोजिमका कार्य सम्पादन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**२४. उपभोक्ता समिति वा संस्थाको कार्यः** (१) संस्थाको कार्यहरु देहाय बमोजिम हुनेछन ।

क) आफ्नो कार्य क्षेत्र भित्रको पानीको श्रोतलाई व्यवस्थित गरी उपभोक्ताहरुलाई खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन सहजीकरण गर्ने,

ख) उपभोक्ताहरु माझ खानेपानी तथा सरसफाइ व्यवस्थापनको सूचना दिने,

ग) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

घ) वातावरण संरक्षण सम्बन्धी कार्यहरु गर्ने.

ङ) विनियममा उल्लेखित कार्य प्रकृया अवलम्बन गर्ने,

च) यस ऐनमा उल्लेख भएका र अनुमती पत्रमा उल्लेखित कार्य गर्ने ।

सरावल गाउँपालिका

(२) यस ऐन वमोजिम गठन भएकी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्था सेवा प्रवाहमा उपभोक्ता प्रति र समग्र कार्यसम्पादनका सवालमा बोर्ड प्रति उत्तरदायी हुनेछन ।

**२५. विनियम बनाउनुपर्नेः** (१) उपभोक्ता समिति वा संस्थाले यस ऐनको अधिनमा रही आफ्नो कार्य संचालनका लागि विनियम बनाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट सैद्धान्तिक स्वीकृति लिएर मात्र लागू गर्नुपर्नेछ।

**२६. आन्तरिक कार्यविधि बनाउन सक्नेः** (१) उपभोक्ता समिति वा संस्थाले यो ऐन र यस अन्तर्गत बनेको नियम निर्देशिका मापदण्ड कार्यविधि र विनियमको अधिनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरी संस्था दर्ता गर्ने अधिकारी वा निकायबाट अद्यावधिक भए पश्चात लागू हुनेछ।

**२७. विनियम र आन्तरिक कार्यविधिमा संशोधनः** (१) साधारण सभा कुल सदस्य संख्याको बहुमतवाट विनियम आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ (२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारी वा निकायबाट स्वीकृत भएपछि मात्र लागू हुनेछ ।

## परिच्छेद -७

## उपभोक्ता समिति वा संस्थाको साधारण सभा तथा लेखापरीक्षण

**२८. साधारण सभाः** (१) अनुमति प्राप्त खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाको सर्वोच्च अंगको रुपमा साधारण सभा हुनेछ ।

(२) संस्थाका सबै उपभोक्ता संस्थाका साधारण सदस्य हुनेछन्।

(३) समिति वा संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ।

क) वार्षिक साधारण सभा

सरावल गाउँपालिका

ख) विशेष साधारण सभा

(४) वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ;

क) साधारण सभा हुने असार मसान्त सम्मको काम कारवाही र आफूलाई कुनै श्रोतबाट प्राप्त आर्थिक कारोवारको जानकारी लिनेदिने ।

ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा आवश्यक बजेट तयार गरी बोर्ड समक्ष पेश गर्ने।

ग) प्रगति प्रतिवेदन तथा विवरणहरु अनुमोदन गर्ने।

घ) विनियममा उल्लेख भए बमोजिमको कार्यसमितिको गठन गर्ने।

ङ) बोर्ड मार्फत नियुक्त लेखापरीक्षक मार्फत संस्थाको अन्तिम लेखापरीक्षण गर्ने।

च) आन्तरिक कार्यविधि पारित गर्ने ।

छ) विनियम र अनुमतिपत्रमा तोके बमोजिमका कार्यहरु गर्ने।

(५) समिति वा संस्था दर्ता वा सुचिकृत भएको मितिले तीन महिना भित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ।

(६) संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिना भित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ।

(७) संस्थाले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः

क) संस्थाको काम विशेषले साधारण सभा बोलाउनुपर्ने भएमा,

ख) संस्थाका कुनै पदाधिकारीले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्तावलाई समितिबाट पारित भएमा,

ग) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाई पच्चीस प्रतिशत साधारण सदस्यहरुले समिति समक्ष निवेदन दिएमा,

सरावल गाउँपालिका

घ) दर्ता गर्ने अधिकारी वा निकायले बोर्डको निर्णय बमोजिम निर्देशन दिएमा,

(८) उपदफा (७) मा जनुसुकै कुरा लेखिएको भएता पनि संस्थाको संचालक वा व्यवस्थापकवाट आफ्नो जिम्मेवारी पुरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएमा बोर्डले विशेष साधारण सभा गर्ने प्रवन्ध गरी सेवा र संस्था सुचारु गर्न सकिनेछ।

(९) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२९ . उपभोक्ता समिति वा संस्थाको संचालक समितिको गठनः** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाको कार्यसमितिको कार्य अवधि समाप्त हुनु अगावै कार्यसमितिको निर्वाचन गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यसमितिको निर्वाचन संस्थाले विशेष परिस्थिति पर्न गई सम्पन्न हुन नसकेमा कारण सहित सोको जानकारी दर्ता अधिकारी वा निकायलाई गराई बढीमा तीन महिनाको समय माग गर्न सक्नेछ।

(३) उपदफा २ बमोजिमको समयावधि भित्र पनिनिर्वाचन गराउन नसकेमा दर्ता गर्नेअधिकारी वा निकायले ऐनमा व्यवस्था भए बमोजिम निर्वाचन प्रकृया अगाडि बढाई बोर्डले नै निर्वाचन गराउन सक्नेछ।

**३०. उपभोक्ता समिति वा संस्थाको कार्यसमितिको विघटनः** (१) दर्ता गर्ने अधिकारी वा निकायले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछ

क) समिति वा समितिका पदाधिकारीको बदनियतपुर्ण कार्यबाट संस्थाको उद्देश्य जोखिममा परेको कुरा प्रमाणित भएमा वा पर्न सक्ने आशंका भएमा,

ख) संस्था वा पदाधिकारी विनियममा उल्लेखित उद्देश्य र कार्यको विपरीत काम गरेमा,

ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीमा उल्लेखित शर्त वा दर्ताअधिकारी वा निकायले दिएको निर्देशन बारम्बार उल्लङ्घन गरेमा, तर संस्थाका अध्यक्ष वा पदाधिकारीहरुलाई हटाउनु अघि निजलाई सफाईको मौका दिनुपर्नेछ ।

सरावल गाउँपालिका

(२) उपदफा (१) बमोजिम समिति विघटन भएमा बोर्डले संस्थाका साधारण सदस्य मध्येबाट तीन सदस्यीय तदर्थ समिति गठन गरी संस्थाको विनियममा व्यवस्था भए बमोजिम साधारण सभा वा विशेष साधारण सभा बोलाई समितिको निर्वाचन सम्पन्न गराउन सक्नेछ ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३१. उपभोक्ता समिति वा संस्था एकीकरण गर्न सकिनेः** (१) यस ऐनकोअधिनमा रही दुईवा दुई भन्दा वढी खानेपानी तथा सरसफाइ संस्था एक आपसमा गाभी एकीकरण गर्न सकिनेछन।

(२)उपदफा (१) बमोजिम संस्था गाभीई एकीकरण गर्दा संस्थाको साधारणसभाको बहुमतले निर्णय गर्न सकिनेछ।

(३)उपदफा (२) बमोजिम निर्णय गर्दा एकीकरण गर्ने सम्बन्धमा शर्त तथा कार्यविधि समेत खुलाउनु पर्नेछ।

(४) बोर्डले आवश्यक ठानेमा सञ्चालनमा रहेका वा सञ्चालन हुन नसकेका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थालाई एक आपसमा गाभ्न सक्नेछ।

(५) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३२. बोर्डले आयोजना वा सेवाप्रणाली जिम्मा लिनु पर्नेः** (१) यस ऐनमा अन्यत्र जनुसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति, संस्था, उपभोक्ता समितिले निर्माण गरी सञ्चालन तथा व्यवस्थापन गरिरहेको आयोजना वा सेवा प्रणाली सम्बन्धित व्यक्ति, संस्था, उपभोक्ता समिति वा निकायले यो ऐन प्रारम्भ भएपश्चात बोर्ड अन्तरगत रहने गरी यस ऐन बमोजिम सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम व्यक्ति, संस्था वा उपभोक्ता समितिसँग सेवाप्रणाली प्राप्त गर्ने कार्यविधि मूल्यांकन सम्बन्धी अन्य व्यवस्था बोर्डले तोके बमोजिम हुनेछ।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३३. बोर्डले सेवा प्रदायकको सेवाप्रणाली व्यवस्थापन तत्काल जिम्मा लिन सक्नेः**

सरावल गाउँपालिका

(१) यस ऐनमा जनुसुकै कुरा लेएको भएतापनि कुनैव्यक्ति, संस्था, उपभोक्ता समितिले बोर्ड अन्तर्गत रही सञ्चालन तथा व्यवस्थापन गरिरहेको सेवा प्रणालीकुनै कारणवश समस्याग्रस्त भई सेवाको गणुस्तरमा ह्रास आएमा वा सेवा नै अवरुद्ध हुने भएमा वा व्यापकआर्थिक हिनामिना भएमा बोर्डले सम्बन्धित, संस्था, उपभोक्ता समिति वा अन्य निकायको त्यस्तो सेवाप्रणालीको व्यवस्थापन बोर्ड स्वयंले जिम्मा लिई तत्काल सञ्चालन र व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समस्याग्रस्त सेवा प्रणाली प्राप्त गर्न अधि सम्बन्धित, व्यक्ति, संस्था, उपभोक्ता समिति वा अन्य निकायले सहयोग गर्नुपर्नेछ ।

( ३) उपदफा (१) बमोजिम जिम्मा लिई सञ्चालन र व्यवस्थापन गर्न लिएको सेवा प्रणालीमा सुधार आएपछि जुन संस्था वा व्यक्तिबाट सञ्चालन र व्यवस्थापन गर्न जम्मा लिईएको हो यस ऐनको अधिनमा रही सोही संस्थाको नयाँ समिति गठन गरी सेवा सुचारु गर्न जिम्मेवारी दिन सक्नेछ।

(४) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३४. उपभोक्ता समिति वा संस्थाको बिघटन र दर्ता खारेजीः** (१) यस ऐन अन्तर्गत दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाहरुको साधारणसभाले संस्था खारेजी वा विघटनको सिफारिस दर्ता गर्नेअधिकारी समक्ष गरेमा दर्ता गर्ने अधिकारीले बोर्डको निर्णय वमोजिम संस्था खारेजी वा विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्था खारेजी वा विघटन भएमा विघटन वा खारेजी भएको संस्थाको सम्पूर्ण कार्य तथा दायित्व बोर्डमा निहित रहनेछ ।

(३) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन आउनु अधिका संस्था वा यस ऐन बमोजिम अनुमति प्राप्त संस्था वा खारेजी वा विघटन भएका संस्थाको दायित्व समितिका सदस्यका कारणबाट भएको भएमा त्यस्तो दायित्व बोर्डले लिने छैन। सम्बन्धित समिति वा संस्थाका पदाधिकारीबाट प्रचलित कानून बमोजिम असुल उपर गर्नुपर्नेछ ।

(४) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

सरावल गाउँपालिका

## परिच्छेद ८

## सरसफाइ तथा फोहोरमैला सम्बन्धी व्यवस्था

**३५. सरसफाइ तथा फोहोरमैला व्यवस्थापनः** (१) यस ऐन बमोजिम गठित बोर्डले ढल निकास व्यवस्थापन र घरेलु तथा सामुदायिक सरसफाइ सम्बन्धमा नीति तथा मापदण्ड तयार गरी लागू गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको नीति तथा मापदण्ड बमोजिम यस ऐन बमोजिम दर्ता भएका विभिन्न उपभोक्ता समितिले स्थानीय स्तरमा सरसफाइ सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्न सक्नेछ

(क) गाउँपालिका  क्षेत्रमा निस्काशित फोहोरमैला पुनः प्रयोग गरी कम्पोष्ट मल बनाउने कार्यलाई प्रोत्साहन तथा पुरस्कृत गर्ने।

(ख) फोहोर मैला व्यवस्थापन तथा घरेलु फोहोर विसर्जन गर्ने स्थानको व्यवस्थापन गर्ने।

(३) यस सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद ९

## कसुर तथा सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्था

**३६.कसुर तथा सजायः** (१) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम कानून प्रतिकुल कुनैकाम गरी कसुर गरेमा बोर्डले त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम सजाय गर्नुपर्नेछ।

तर यस दफा बमोजिमको कसूरमा सजाय गर्दा अन्य कानून बमोजिम पनि कसूर हुने रहेछ भने सो कानून बमोजिम मुद्धा चलाई सजाय गर्न कुनै कुराले बाधा पुर्याएको मानिने छैन।

(२) सेवा प्रदायकद्वारा सेवा प्रदान भएको अवस्थामा उपदफा (१) बमोजिमको कसुरका सम्बन्धमा क्षतिपूर्ती माग गर्नका लागि सेवा प्रदायकले बोर्डमा निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा प्रदायकले बोर्ड समक्ष दिएको निवेदन उपर छानविन गर्दा कुनै व्यक्तिले कसुर गरेको ठहरेमा बोर्डले उपदफा

(१) बमोजिम उपयुक्त सजाय गर्न आदेश दिन सक्नेछ।

सरावल गाउँपालिका

(४) यस दफा बमोजिम कसुरको छानबिन गरी सजाय गर्न प्रदेश कानूनले तोकेकोमा त्यस्तो अनुसन्धान गर्ने अधिकारी वा नतोकेको अवस्थामा बोर्डले तोकेको अनुसन्धान अधिकृत वा उपसमितिले छानवीन गरि प्रतिवेदन गर्नुपर्नेछ। त्यस्तो अनुसन्धान अधिकृत वा उपसमितिको प्रतिवेदनको आधारमा बोर्डले निर्णय गरी सजाय कार्यान्वयन गर्नुपर्नेछ

(५) उपदफा (४) बमोजिम गरेको निर्णयमा चित्त नबुझ्ने पक्षले सजायको निर्णय भएको ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**३७. क्षतिपूर्ति भराई दिनसक्ने:** बोर्ड वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपभोक्तालाई उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा वा खानेपानीमा उपभोक्ताको मौलिक अधिकार हनन भएको प्रमाणित भएमा त्यस्तो बोर्ड वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो उपभोक्तालाई भएको क्षति हेरी बोर्डले निर्णय गरी तोके बमोजिमको क्षतिपूर्ति भराइदिनु पर्नेछ ।

## परिच्छेद १०
## बिविध

**३८. संघ र प्रदेशसंगको समन्वय:** गाउँपालिका ले संघ वा प्रदेश सरकारको लगानीमा निर्माण भएका वा सञ्चालन भएका खानेपानी वा सरसफाइ आयोजना वा संस्था संघ र प्रदेशका सम्बन्धित निकायसंगको समझदारीमा बोर्ड अन्तरगत ल्याइ सञ्चालन गर्न सक्नेछ। यस्तो व्यवस्था त्यस्ता निकायसंगको आपसी सम्झौतामा उल्लेख भएअनुसार सञ्चालित र व्यवस्थित हुनेछ।

**३९. कार्यक्रम सञ्चालन गर्न सक्ने:** गाउँपालिका ले बोर्ड मार्फत गाउँपालिका  क्षेत्रलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न र स्वच्छ खानेपानीको उपभोक्ताको अधिकार प्रवर्द्धन गर्न खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी कार्यक्रम तथा अभियान सञ्चालन गर्न गराउन सक्नेछ।

**४० . पानीको निर्यात गर्न सक्ने:** (१) गाउँपालिका ले आफ्ना उपभोक्ताका लागि आधारभूत खानेपानी सेवा पुर्याएपश्चात बाँकी रहेको खानेपानी वा सरसफाइ सेवा अन्य गाउ वा गाउँपालिका

सरावल गाउँपालिका

लाई बोर्ड वा अनुमतिपत्र प्राप्त संस्था वा पानी आपूर्तिकर्ता मार्फत बोतलबन्द वा थोक खानेपानी निर्यात तथा व्यापार गर्न वा सरसफाइ सेवा उपलब्ध गराउन सक्नेछ।

**स्पष्टीकरणः** "पानी आपूर्तिकर्ता" भन्नाले उपभोक्तालाई खानेपानी आपूर्ति गर्नकानून बमोजिम दर्ता भएका र स्वीकृति लिएका सेवा प्रदायक संस्थालाईसम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिमको सेवाका शर्त सुविधा र शुल्कका सम्बन्धमा दुई स्थानीय तह वीचको सम्झौतामा उल्लेख भए अनुसार बोर्ड मार्फत कार्यान्वयन हुनेछ।

**४१. खानेपानीको उपयोगको प्राथमिकताः** गाउँपालिका ले बोर्ड मार्फत उपलब्ध गराउने खानेपानी घरेलु उपयोगको लागि उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलश्रोतको उपयोगसंग सम्बन्धित कृषि, सिंचाई, जलविद्युत जस्ता आयोजनाको लागि प्रयोग गर्नुपर्नेछ।

**४२. पुरातात्विक महत्वका खानेपानीका मुल वा धारा संरक्षण गर्नुपर्नेः** गाउँपालिका ले बोर्ड मार्फत गाउँ क्षेत्रभित्रका पुरातात्विक महत्वका पानीका मुल वा परम्परागत धारालाई त्यस्ता मुल वा धाराको महत्व र पुरातात्विकपनमा कुनै असर नपर्ने गरि संरक्षण, संम्बर्द्धन, विकासर उपयोग हुने व्यवस्था मिलाउनु पर्नेछ।

**४३. नियम बनाउन सक्नेः** यो ऐन कार्यान्वयनका लागि गाउँपालिका ले आवश्यक नियम बनाउन सक्नेछ ।

**४४. आदेश वा निर्देशन दिनसक्नेः** गाउँपालिका ले बोर्ड र बोर्डले अनुमति प्राप्त संस्था वा सेवा प्रणाली र उभोक्तालाई खानेपानी तथा सरसफाइ आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक विषय खोली आदेश वा निर्देशन दिन सक्नेछ। त्यस्तो आदेश वा निर्देशन पालना गर्नु सम्बन्धित पक्षको कर्तव्य हुनेछ।

**४५. बाधा अड्काउ फुकाउनेः** यस ऐनको कार्यान्वयनको सिलसिलामा कुनै कठिनाई वा बाधा अड्काउ परेमा सो बाधा अड्काउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ। गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउका सम्बन्धमा गरेको निर्णयको पालना गर्नु सबैको कर्तव्य हुनेछ।

सरावल गाउँपालिका

**४६. संशोधन गर्न सक्नेः** (१) यस ऐनमा भएका प्रावधानहरु संशोधन थपघट तथा खारेज गर्ने अधिकार कानूनबमोजिम गाउँसभालाई हुनेछ ।

(२) गाउँपालिका ले आवश्यकता अनुसार अनुसूचीमा आवस्यक हेरफेर बा थपघट गर्न सक्नेछ।

(३) यस ऐनमा भएका प्रावधानहरु नेपालको संविधान, संघीय तथा प्रदेश कानूनसँग बाझिएमा प्रचलित कानूनका प्रावधान अनुरुप सेवा प्रवाह र कार्यसम्पादन हुनेछ।

**४७. संक्रमणकालीन अबस्थाः** (१) गाउँपालिका क्षेत्रभित्र संघीय खानेपानी तथा सरसफाइ ऐन, २०७९ जारी हुनु अगावै संचालनमा रहेको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्था यस ऐन अन्तर्गत रहने गरी ऐनले तोकेको समयावधि भित्र दर्ता वा सूचिकृत हुन नआएमा बोर्डले त्यस्ता संस्थाहरु विघटन गर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थालाई बोर्डले संस्थाका साधारण सदस्य मध्येबाट तदर्थ समिति गठन गरी यस ऐनको प्रावधान बमोजिम दर्ता वा सूचिकृत गरी सञ्चालन गर्न गराउन सक्नेछ ।

**४८. बचाउः** सरावल गाउँपालिका क्षेत्रभित्र संचालित खानेपानी तथा सरसफाइ उपभोक्ता समिति वा संस्थाले गरेको कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ

सरावल गाउँपालिका

अनुसूची -१

दफा १९ को उपदफा १ र ३ सँग सम्बन्धित

खानेपानी तथा सरसफाइ संस्थाको दर्ता वा सूचिकृत हुनकालागि पेश गर्नु पर्ने निवेदनको नमूना

मितिः

श्रीमान अध्यक्षज्यू,
खानेपानी व्यवस्थापन बोर्ड
सरावल गाउँपालिका, नवलपरासी (ब.सु.प.) ।

विषयः खानेपानी तथा सरसफाइ संस्था दर्ता / सूचिकृत गरी पाउ ।

महोदय,

उपरोक्त विषयमा यस गाउँपालिका को वडा नं...... मा संचालनमा रहेको /संचालन गर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/संस्थाको विधान दुई प्रती र कार्यसमितिको पदाधिकारीको नामावली तथा नागरिकताको फोटोकपी तथा सोसँग सम्बन्धित कार्य योजना प्रतिवेदन लगायतका कागजातहरु साथै राखी यो निवेदन पेश गरिएको छ। नियमानुसार संस्था दर्ता गरी पाउ।

निवेदक
संस्थाको नामः-
अध्यक्षको नामः-
हस्ताक्षर,.............

सरावल गाँउपालिका

अनुसूची २

दफा २० को उपदफा १ सँग सम्बन्धित

खानेपानी तथा सरसफाइ संस्थाको दर्ता वा सुचिकृत भएको प्रमाणपत्रको नमूना दर्ता नं................

मितिः-...................

**खानेपानी तथा सरसफाइ संस्थाको दर्ता सूचिकृत प्रमाणपत्र**

प्रस्तुत विषयमा सरावल गाउँपालिका  वडा नं.... मा रहेको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति / संस्था / आयोजना मिति...........मा यस कार्यालयमा प्राप्त निवेदन बमोजिम यस गाउँपालिका को क्षेवभिव खानेपानी तथा सरसफाइ सेवा संचालन गर्नका लागि सरावल गाउँपालिका को खानेपानी तथा सरसफाइ ऐन, २०८२ बमोजिम गठित बोर्डको मिति २० को निर्णय बमोजिम संस्थाको कार्य क्षेत्र र क्षेवाधिकार यसैसाथ संलग्न राखी संस्था दर्ता वा सूचिकृत गरी यो प्रमाणपत्र प्रदान गरिएकोछ।

प्रमाणपत्र प्रदान गर्नेको

हस्ताक्षरः

नाम, थरः-

पदः-

.....................

दर्ता गर्ने अधिकारी

**आज्ञाले**

**बिशाल मिश्रा**

**प्रमुख प्रशासकीय अधिकृत**

सरावल गाउँपालिका